
# ब्रह्मपुरी गाउँपालिकाको
# समावेशी शिक्षा नीति कार्यान्वयन निर्देशिका

## Brahmapuri Rural Municipality Inclusive Education Policy Implementation Guidelines



ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
ब्रह्मपुरी, सर्लाही
प्रदेश नम्बर २
2077

विषयसूची

समावेशी शिक्षा नीति कार्यान्वयन निर्देशिका, २०७७
प्रस्तावनाः ...... १
**परिच्छेद १**
प्रारम्भिक ...... १
१. संक्षिप्त नाम र प्रारम्भ ...... १
**परिच्छेद २**
परिभाषा ...... २
२. परिभाषाः ...... २
**परिच्छेद ३**
उद्देश्य ...... ३
उद्देश्यः ...... ३
**परिच्छेद ४**
समावेशी शिक्षाका लक्षित वर्गको पहिचान ...... ४
४.१ समावेशी शिक्षाका लक्षित वर्गः ...... ४
**परिच्छेद ५**
समावेशी शिक्षाका प्रमुख आधारहरू ...... ५
**परिच्छेद ६**
समावेशी शिक्षा नीतिको कार्यान्वयनसम्बन्धी व्यवस्था ...... ६
६.१ समावेशी शिक्षा नीतिको कार्यान्वयनसम्बन्धी व्यवस्था देहायबमोजिमका निकायहरूबाट हुनेछ । ...... ५
६.२ निर्देशक समितिः ...... ६
६.३ निर्देशक समितिको काम, कर्तव्य र अधिकार ...... ७
६.४ कार्यान्वयन समितिः ...... ८
६.५ कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार ...... ९
**परिच्छेद ७**
विद्यालयमा समावेशी शिक्षा व्यवस्थापन ...... १०
७.१ शैक्षिक व्यवस्थापनः ...... १०
७.२ भौतिक व्यवस्थापनः ...... ११
७.३ जनशक्ति व्यवस्थापनः ...... ११
**परिच्छेद ८**
समावेशी शिक्षा प्रवर्धनका लागि सुविधासम्बन्धी व्यवस्था ...... १२
८.१ समावेशी शिक्षा प्रवर्धनका लागि देहायका कार्यक्रमलाई नियमित गराइने । ...... १२
**परिच्छेद ९**
विविध ...... १३
९.१ अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था ...... १३

# समावेशी शिक्षा नीति कार्यान्वयन निर्देशिका, २०७७

**प्रस्तावना:**

ब्रह्मपुरी गाउँपालिकाको विद्यालय तहको सार्वजनिक शिक्षामा विद्यालय जाने उमेरका सबै बालबालिकाको पहुँच र सिकाइमा समतामूलक सहभागिताको सुनिश्चितता कायम गरी विद्यार्थीको सिकाइ उपलब्धि उच्च बनाउँदै शैक्षिक गुणस्तर कायम गर्न विद्यालय व्यवस्थापनका विविध पक्षमा यस गाउँपालिकाको समावेशी शिक्षा नीतिले निर्देश गरेबमोजिम विद्यालयमा बालमैत्री वातावरणमा उच्च समावेशी अभ्यासको प्रयोग गर्न जरूरी देखिएकाले समावेशी शिक्षाको अभ्यासलाई पहिचान गरी सरोकारवालाहरूलाई परिचालन गर्न, स्थानीय सन्दर्भमा यसको विकास गर्दै प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ (२) र सर्लाही जिल्ला ब्रह्मपुरी  गाउँपालिकाको समावेशी शिक्षा नीति, २०७७ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाबाट यो समावेशी शिक्षा नीति कार्यान्वयन निर्देशिका, २०७७ जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो निर्देशिकाको नाम समावेशी शिक्षा नीति कार्यान्वयन निर्देशिका, २०७७ रहेको छ ।

१.२ यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

१.३ यो निर्देशिका ब्रह्मपुरी  गाउँपालिकाका सबै विद्यालय, मदरसा विद्यालय र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्ने स्थानमा अनिवार्यरूप मा लागु हुनेछ ।

परिच्छेद २

# परिभाषा

## २. परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामा -

२.१ गाउँपालिका भन्नाले सर्लाही जिल्लाको ब्रह्मपुरी गाउँपालिकालाई सम्झनुपर्छ।

२.२ विद्यालय भन्नाले ब्रह्मपुरी गाउँपालिकामा सञ्चालनमा आएका सबै प्रकारका विद्यालय सम्झनु पर्छ।

२.३ सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालन हुने विद्यालयलाई सम्झनुपर्छ।

२.४ संस्थागतविद्यालय भन्नाले निजी स्वामित्वबाट सञ्चालित विद्यालय सम्झनुपर्छ।

२.५ मदरसा भन्नाले ब्रह्मपुरी गाउँपालिकाको अनुमति लिएर सञ्चालनमा रही विद्यालय तहको शिक्षाको समतुल्य कार्यक्रम सञ्चालन गर्ने धार्मिक संस्था सम्झनुपर्छ।

२.६ आधारभूततह भन्नाले कक्षा१ देखि कक्षा ८ सम्मलाई सम्झनुपर्छ र सो तहसम्म पठनपाठन हुने विद्यालयलाई आधारभूत विद्यालय भन्ने सम्झनुपर्छ।

२.७ माध्यमिकतह भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्मलाई सम्झनुपर्छ भने कक्षा १ देखि अविच्छिन्न कक्षा १२ सम्म वा कक्षा ९ देखि कक्षा १२ सम्म वा कक्षा ११ देखि कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयलाई माध्यमिक विद्यालय सम्झनुपर्छ।

२.८ समावेशी शिक्षा भन्नाले गाउँपालिकामा बसोवास गर्ने वा अन्यत्र बसोवास गरे पनि यस गाउँपालिकाका कुनै पनि शिक्षण संस्थाबाट शिक्षा लिन इच्छुक जुनसुकै धर्म, वर्ग, समुदाय र अवस्थाका सबै बालबालिका एकैसाथ गुणस्तरीय शिक्षा दिन प्रबन्ध गरिएको र बालबालिकाको शैक्षिक उपलब्धि र सिकाइ सहभागितालाई सीमित गर्न सक्ने कुनै बाधा व्यवधानमुक्त विद्यालय शिक्षा भन्ने सम्झनुपर्छ।

२.५ निर्देशिका भन्नाले ब्रह्मपुरी गाउँपालिकाले जारी गरेको समावेशी शिक्षा नीति कार्यान्वयन निर्देशिका, २०७७ सम्झनुपर्छ।

**परिच्छेद ३**

# उद्देश्य

## उद्देश्य:

यो निर्देशिकाको प्रमुख उद्देश्य ब्रह्मपुरी गाउँ पालिकाको समावेशी शिक्षा नीति तथा निर्देशिका, २०७७ लाई कार्यान्वयन गर्नु हो । यस निर्देशिकाका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।

३.१ गाउँपालिका क्षेत्रमा बसोवास गर्ने सबै (सामाजिक तथा सांस्कृतिक, धार्मिक, आर्थिक, अपाङ्गता, बौद्धिक, लैङ्गिक, भाषिक, जनसांख्यिक र बसोवासको क्षेत्रका) बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक पहुँचको सुनिश्चतता गर्नु ।

३.२ विद्यालय (मदरसासहित) प्रवेश गरेका बलबलिकालाई गुणस्तरीय शिक्षाको प्रबन्ध गर्ने सन्दर्भमा आवश्यक भौतिक तथा शैक्षिक वातावरण सिर्जना गर्नु ।

३.३ समावेशी शिक्षा व्यवस्थापनका लागि आवश्यक जनशक्तिको पेसागत तालिमसहित व्यवस्थापन गर्नु ।

३.४ समावेशी शिक्षा कार्यान्वयनका क्रममा पाठ्यक्रमका सबै अवयवहरूमा आवश्यकतानुसार समायोजन गर्ने ।

३.५ विद्यालयको व्यवस्थापकीय पक्षसँग सम्बन्धित संरचनाहरूलाई समावेशी र जावाफदेही बनाउने ।

३.६ शिक्षणसंस्था भन्दाबाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकालाई वैकल्पिक शिक्षाका माध्यमबाट जीवनोपयोगी सीप सिक्ने अवसरको सिर्जना गर्ने ।

३.७ विद्यालय शिक्षामा समावेशी शैक्षिक सुशासन अभ्यासको विकास गर्ने ।

**परिच्छेद ४**

## समावेशी शिक्षाका लक्षित वर्गको पहिचान

४.१ समावेशी शिक्षाका लक्षित वर्गः

जुनसुकै प्रकारको अवरोधमुक्त अवस्थाको सिर्जना गरी विभेदरहित वातावरणमा सहज रूपमा उपलब्ध गराइने समावेशी शिक्षाका लक्षित वर्गमा प्रचलित कानुनले तोकेबमोजिमविद्यालय शिक्षा उमेरका देहाय बमोजिमका बालबालिका पर्दछन् ।

क. जन्मदर्ता प्रक्रियाबाट पहिचान भएका गाउँपालिकामा बसोवास गर्ने,
ख. अन्यत्र बसोवास गरी गाउँपालिकाका शिक्षण संस्थामा अध्ययनरत,
ग. जुनसुकै धार्मिक समुदायका,
घ. जुनसुकै भाषिक समुदायका,
ङ. जुनसुकै लैङ्गिक समुदायका,
च. जुनसुकै आर्थिक समुदायका,
छ. नेपालको संविधानको भाग ३४ धारा ३०६ (क) ले व्याख्या गरेबमोजिमको "अल्पसंख्यक" समुदायबाट आएका,
च. नेपालको संविधानको भाग ३४ धारा ३०६ (ड) ले व्याख्या गरेबमोजिमको "सीमान्तकृत" समुदायबाट आएका,
छ. नेपालको संविधानले पहिचान गरेको विभिन्न जातजातिका रूपमा पहिचान गरेका जस्तै दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम तथा अन्य जातिबाट आएका,
ज. अपाङ्गता भएका ब्यक्ति,
झ. गंभीर रोग जस्तै एच.आइ.भि संक्रमण आदि भएका,
ङ. जुनसुकै पारिवारिक पृष्ठभूमि भएका,
च. जुनसुकै भौगोलिक क्षेत्रमा बसोवास गर्ने ।

परिच्छेद ५

## समावेशी शिक्षाका प्रमुख आधारहरू

समावेशी शिक्षा प्रवर्धनमा विश्वव्यापी मान्यताका रूपमा स्थापित देहायका विषयवस्तुलाई प्रमुख आधारका रूपमा लिइएको छ ।

५.१ समुदायका सबै बालबालिकालाई शैक्षिक अवसर दिनु:

गाउँपालिका र विद्यालयको पहलबाट कुनै पनि व्यवधानका बावजुद आफ्नो क्षेत्रभित्र कुनै बालबिलकालाई नछुटाईकन  विद्यालय भित्र्याउनैपर्छ । विद्यालय आउन नसक्ने अवस्थाका गम्भीर प्रकृतिका बालबालिका भएमा उनीहरूलाई घरमै शिक्षाको व्यवस्था गर्नुपर्छ ।

५.२ बालबालिकाको बहुविशिष्टताको पहिचान गर्नु:

शैक्षिक सेवा प्रवाह गर्दा एउटा सुव्यवस्थित संयन्त्रमार्फत हरेक बालबालिकामा भएको विशिष्ट अवस्थाको पहिचान गर्ने र सोहीअनुकूलको सेवा उपलब्ध गराउनुपर्छ । यस कार्यमा सिकाइ प्रक्रियामा विद्यालय पक्षको मुख्य भूमिका हुन्छ । बालबालिकाको विशिष्ट अवस्थाको पहिचान गर्ने संयन्त्र निर्माण गर्ने कार्य गाउँपालिकाको हुन्छ ।

५.३ पूर्वाग्रहलाई निषेध गर्नु:

समावेशी शिक्षाको कार्यान्वयनका क्रममा कार्यक्रम बनाउँदा, कार्यान्वयन गर्दा वा अनुगमन गर्दा कुनै पनि समुदाय वा व्यक्ति वा प्रवृत्ति प्रति पूर्वाग्रहविहीन अवस्थामा मात्र संभव हुने भएकाले गाउँपालिका र विद्यालयले संबद्ध पक्षलाई नियमित अनुशिक्षण गर्नुपर्दछ ।

५.४ सामाजिक न्यायको प्रवर्धन गर्नु:

समाजमा सबै बालबालिकाको अवस्था एकै प्रकारको नहुने हुँदा समान प्रकारले उपलब्ध गराइने सेवा सबैले लिन सक्दैनन् । बालबालिकाको वैयक्तिक विभिन्नताका आधारमा संपूर्ण शैक्षिक कार्यक्रम समतामूलक ढंगबाट गर्ने सञ्चालन गर्ने प्रबन्ध विद्यालयले मिलाउनुपर्छ ।

५.५ उपयुक्त साधनको छनोट गर्नु:

बालबालिकाको बिभिन्नतालाई सम्बोधन गर्ने गरी विद्यालयीय वातावरणमा समायोजन गर्न र सिकाइ संभव तुल्याउन विद्यालयले व्यक्तिको अवस्थाअनुसारको उपयुक्त साधनको छनोट गर्नुपर्छ ।

५.६ शिक्षण सिकाइमा भाषा, धर्म र संस्कृतिलाई ख्याल गर्नुः

समावेशी शिक्षाको प्रवर्धनमा बालबालिकाको मातृभाषा, परिवारले ग्रहण गरेको धर्म र संस्कृतिलाई ख्याल पुऱ्याई शिक्षण सिकाइ गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

५.७ पाठ्यक्रमको प्रयोगमा उपयुक्त अनुकूलनको प्रबन्ध गर्नुः

समावेशी शिक्षा कार्यान्वयनका क्रममा पाठ्यक्रमका अवयवहरू (components) सिकाइका क्षेत्र, उद्देश्य, शिक्षण विधि, शिक्षण सामग्री र मूल्याङ्कन बालबालिकाको अवस्था अनुसार अनुकूलन गर्ने प्रमुख दायित्व विद्यालयको हुनेछ ।

**परिच्छेद ६**

## समावेशी शिक्षा नीतिको कार्यान्वयनसम्बन्धी व्यवस्था

६.१ समावेशी शिक्षा नीतिको कार्यान्वयनसम्बन्धी व्यवस्था देहायबमोजिमका निकायहरूबाट हुनेछ ।

क) गाउँसभा

ख) गाउँकार्यपालिका

ग) सामाजिक विकास समिति

घ) गाँउ शिक्षा समिति

ङ) शिक्षा युवा तथा खेलकुद शाखा

च) विद्यालय व्यवस्थापन समिति

छ) शिक्षक अभिभावक संघ

ज) प्रधानाध्यापक र शिक्षकहरू

६.२ दफा ६उपदफा ६.१ को क, ख, ग र घका निकायहरू निर्देशक समितिको मातहतमा हुनेछन् भने सोही उपदफाका ङ र च का निकायहरू कार्यान्वयन समितिका मातहतमा रही काम गर्नेछन् ।

६.२ निर्देशक समितिः

समावेशी शिक्षा नीति कार्यन्वयनका लागि गाउँपालिका स्तरमा देहायको निर्देशक समिति रहनेछ ।

क) अध्यक्ष, गाउँपालिका — संयोजक

ख) उपाध्यक्ष, गाउँपालिका — सदस्य

ग) सामाजिक विकास समितिका संयोजक — सदस्य

घ) गाउँ कार्यपालिकाका महिला सदस्यहरूमध्येबाट

गाउँपालिकाका अध्यक्षद्वारा मनोनीत एकजना सदस्य

ङ) गाउँ कार्यपालिकाका दलित सदस्यहरूमध्येबाट गाउँपालिकाका अध्यक्षद्वारा मनोनीत एकजना सदस्य

च) गाउँ कार्यपालिकाका सदस्य वा गाउँपालिकामा बसोवास गरेका मुस्लिम समुदायका वालिग मताधिकार रहेका सामाजिक व्यक्तित्वबाट गाउँपालिकाका अध्यक्षद्वारा मनोनीत एकजना सदस्य

छ) गाउँ कार्यपालिकाका सदस्य वा गाउँपालिकामा बसोवास गरेका आदिवासी जनजाति समुदायका वालिग मताधिकार रहेका सामाजिक व्यक्तित्वबाट गाउँपालिकाका अध्यक्षद्वारा मनोनीत एकजना सदस्य

ज) गाउँकार्यपालिकाका सदस्य वा गाउँपालिकामा वसोवास गरेका अपाङ्गता भएका वालिग मताधिकार रहेका सामाजिक व्यक्तित्वबाट गाउँपालिकाका अध्यक्षद्वारा मनोनीत एकजना सदस्य

झ) गाउँपालिका क्षेत्रभित्रका उच्चतम तहका विद्यालयका प्रधानाध्यापकमध्येबाट गाउँपालिकाका अध्यक्षद्वारा मनोनीत एक जना सदस्य

ञ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ट) प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा सदस्य सचिव

६.३ निर्देशक समितिको काम, कर्तव्य र अधिकार

क) समावेशी विद्यालय शिक्षाका आधारहरू सालवसाली अद्यावधिक गर्ने ।

ख) विद्यालय शिक्षाको तथ्याङ्क विश्लेषण गरी समावेशी अवस्था सार्वजनिक गर्ने ।

ग) शिक्षा व्यवस्थापनसँग सम्बन्धित संरचना समावेशी भए नभएको अडिट गर्ने ।

घ) गाउँपालिकाभित्रका सबै बालबालिकालाई विद्यालय शिक्षामा सहज पहुँचका आधारहरूको सिर्जना गरी वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने ।

ङ) विद्यालयको भौतिक पूर्वाधार निर्माणमा समावेशी तवरले सहज पहुँच हुने र प्रयोगयोग्य बनाउने गरी आधार तयार गरिदिने ।

च) कक्षा शिक्षणमा प्रयोग हुने आवश्यक सामग्रीको सबै विद्यार्थीको प्रयोगमा पहुँच हुने व्यवस्था मिलाइदिने ।

छ) विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन र सक्षमताको अवसरमा सहभागिता समावेशी आधारमा हुने प्रबन्ध मिलाउने ।

ज) विद्यालय उमेर समूहका विद्यालयबाहिरका बालबालिकाको पहिचान गरी विद्यालय भित्र्याउने कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

झ) विद्यालयको शैक्षिक गुणस्तर उकास्नका लागि शैक्षिक मापदण्ड निर्माण गर्ने ।

ञ) शैक्षिक मापदण्डबमोजिम विद्यालय सुधारका लागि स्रोतको प्रबन्ध मिलाउने ।

ट) मदरसामा सञ्चालित शैक्षिक कार्यक्रमको अनुगमन गर्ने र माग भएमा उपयुक्तताका आधारमा सञ्चालनका लागि स्वीकृति दिने ।

ठ) मदरसामा सञ्चालित शैक्षिक कार्यक्रमको भौतिक तथा शैक्षिक पूर्वाधार र जनशक्ति व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाउने ।

ड) अपाङ्गता भएका विद्यार्थीहरूका लागि शैक्षिक माध्यम, शैक्षिक सामग्री, तालिमप्राप्त जनशक्ति, आवश्यकता परेमा छात्रावास, छात्रवृत्ति र अन्य सुविधाको व्यवस्था गर्ने ।

ढ) विद्यालयबाहिर पनि सिकाइलाई निरन्तरता दिने कार्यक्रमहरू तय गर्ने ।

ण) विद्यार्थीको सिकाइलाई सीपसँग जोडी अपाङ्गता भएका वा नभएका सबै विद्यार्थीहरू उपयुक्त उमेरमा पेसा वा व्यवसायमा लाग्ने कार्यक्रम निर्माण गर्ने ।

त) सीप सिकेका व्यक्तिलाई पेसा तथा व्यवसायमा लाग्न निर्ब्याजी रूपमा उपलब्ध गराइने गरी  सुरु पुँजीको व्यवस्था गर्ने ।

थ) गाउँपालिकामा शतप्रतिशत साक्षरता प्राप्त गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

द) आधारभूत तहको प्रारम्भिक कक्षाहरूमा मातृभाषाको प्रयोग गरी शिक्षण गर्ने व्यवस्था मिलाउने ।

६.४ कार्यान्वयन समितिः

समावेशी शिक्षा नीति २०७७ कार्यान्वयनका लागि विद्यालयस्तरमा देहायको

कार्यान्वयन समिति रहनेछ ।

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष — अध्यक्ष

ख) विद्यालयमा कार्यरत महिला शिक्षक मध्येबाट प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट मनोनीत एक जना — सदस्य

ग) विद्यालयमा अध्ययनरत दलित विद्यार्थीका अभिभावकहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट मनोनीत एक जना — सदस्य

घ) विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट मनोनीत एक जना — सदस्य

ङ) विद्यालयमा अध्ययनरत आदिवासी, जनजाति समुदायका विद्यार्थीका अभिभावकहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट मनोनत एक जना — सदस्य

च) विद्यालयमा कार्यरत अपाङ्गता भएका विद्यार्थीलाई अध्यापन गराउने शिक्षक मध्येबाट एक जना — सदस्य

छ) विद्यालयका प्रधानाध्यापक — सदस्य सचिव

### ६.५ कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

क) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा अन्य विद्यालयस्तरीय समितिहरू समावेशी आधारमा गठन गर्ने ।

ख) विद्यालयको तथ्याङ्क विश्लेषण गरी समावेशी अवस्थाको सार्वजनिक गर्ने ।

ग) विद्यालय सेवाक्षेत्र भित्रका सबै बालबालिकालाई विद्यालय शिक्षामा सहज पहुँचका आधारहरू सिर्जना गर्ने ।

घ) विद्यालयको भौतिक पूर्वाधार समावेशी, सहज पहुँच र प्रयोजन योग्य हुने गरी निर्माण गर्ने ।

ङ) कक्षा शिक्षणमा प्रयोग हुने आवश्यक सामग्रीको सबै विद्यार्थीको प्रयोगमा पहुँच हुने व्यवस्था मिलाइदिने ।

च) विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन र तालिममा समावेशी आधारलाई प्राथमिकता दिने ।

छ) आफ्नो सेवा क्षेत्र भित्रका विद्यालय उमेर समूहका विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय भिर्त्याउने ।

ज) विद्यार्थीको सिकाइलाई सीपसँग जोड्ने ।

झ) विद्यालयको शैक्षिक गुणस्तर उकास्नका लागि भौतिक, शैक्षिक तथा व्यवस्थापकीय प्रयास गर्ने ।

ञ) अपाङ्गता भएका विद्यार्थीहरूका लागि सञ्चार र सिकाइको माध्यम, शैक्षिक सामग्री, शिक्षक तालिम, आवश्यकता अनुसार छात्रावास र छात्रवृत्ति सेवा उपलब्ध गराउने ।

ट) कक्षा ५ सम्मका बालबालिकालाई दिवा खाजाको व्यवस्थापन गर्ने ।

ठ) अति कठिन अवस्थाका बालबालिकालाई सहजीकरण गर्नका लागि फोकल शिक्षकको व्यवस्था गर्ने ।

ड) प्रारम्भिक बालविकास कक्षबाट नै समावेशी शिक्षाको व्यवस्थापन गर्ने ।

च) आधारभूत तहको कक्षा ३ सम्म मातृभाषाको पढाइ र मातृभाषामा विषय शिक्षण गर्ने व्यवस्था गर्ने।

**परिच्छेद ७**

## विद्यालयमा समावेशी शिक्षा व्यवस्थापन

समावेशी शिक्षा व्यवस्थापनका लागि गाउँपालिकाले विज्ञ समूहको सहयोगमा देहायका विषयवस्तुका आधारमा विद्यालय शिक्षाको शैक्षिक गुणस्तर मापदण्डको विकास गर्नेछ। समावेशी, अपाङ्गमैत्री र स्तरीय मापदण्ड तयार नहुन्जेल गाउँपालिका र विद्यालयले सोही विषयवस्तुलाई क्रमशः पालना गर्ने कार्ययोजना बनाउँदै विद्यालय उत्कृष्ट ढंगले सञ्चालन गर्नेछन् ।

### ७.१ शैक्षिक व्यवस्थापनः

क) वार्षिक शैक्षिक कार्य पात्रो,

ख) समावेशी कक्षा व्यवस्थापन,

ग) नियमित कक्षा सञ्चालन,

घ) समावेशिताका आधारमा अतिरिक्त क्रियाकलापको नियमित प्रयोग,

ङ) स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग,

च) पाठ्यक्रमको प्रयोगमा अनुकूलन,

छ) सुरक्षित र बालमैत्री विद्यालय,

ज) सूचना तथा सञ्चार प्रविधिको प्रयोग

झ) शिक्षा, सीप विकास र व्यवसाय बिचको सम्बन्ध ।

**७.२ भौतिक व्यवस्थापन:**

क) एउटा समावेशी विद्यालयमा हुने विद्यालय भवन,

ख) कक्षाकोठा,

ग) फर्निचर,

घ) विज्ञान प्रयोगशाला,

ङ) पुस्तकालय,

च) कम्प्युटर कक्ष,

छ) चमेना गृह,

ज) खानेपानी

झ) शौचालय

ञ) खेलमैदान

ट) सिकाइ सामग्री

ठ) खेलकुदका सामग्री,

ड) स्वास्थ्य र उपचार सामग्रीको प्रबन्ध,

ढ) छात्रावास ।

**७.३ जनशक्ति व्यवस्थापन:**

क) शिक्षक कर्मचारीको संख्याको मूल आधार,

ख) जनशक्ति प्राप्ति प्रक्रिया,

ग) नेतृत्व विकास,

घ) पेसागत दक्षता विकास प्रक्रिया

ङ) जनशक्तिको उत्प्रेरणा प्रक्रिया ।

च) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ अभिभावकलाई दिइने अभिमुखीकरण

छ) बालक्लबलाई नियमित रूपमा दिइने तालिम ।

ज) विद्यालय समुदायको नियमित सम्बन्ध,

झ) विद्यालय अभिभावकबीचको नियमित भेटघाट ।

परिच्छेद ८

## समावेशी शिक्षा प्रवर्धनका लागि सुविधा सम्बन्धी व्यवस्था

समावेशी शिक्षा प्रवर्धन लागि प्रोत्साहन, अनुदान, छात्रवृत्तिसम्बन्धी व्यवस्था

८.१ समावेशी शिक्षा प्रवर्धनका लागि देहायका कार्यक्रमलाई नियमित गराइने ।

क) प्रोत्साहन सुविधाः अपाङ्गता भएका र विपन्न परिवारका बालबालिकालाई लेख्ने पढ्ने सबै सामग्री निःशुल्क उपलब्ध गराइने ।

ख) छात्रवृत्तिसम्बन्धी व्यवस्थाः पिछडिका जाति बालबालिका, दलित जातिका बालबालिका, अपाङ्गता भएका,सीमान्तकृत समुदायका बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गरिने ।

ग) दिवाखाजाः बालविकास कक्षादेखि कक्षा ५ सम्म सबै बालबालिकालाई दिवाखाजाको व्यवस्था हुने ।

घ) पोसाकः अत्यन्तै गरिब घरपरिवारका बालबालिकाका लागि पोसाकको व्यवस्था गरिने ।

ङ) सीप विकासः विद्यार्थीलाई उनीहरूको इच्छा अनुसारको सीप विकासका लागि नियमित कार्यका रूपमा स्थापित गरिने ।

च) पेसा तथा व्यवसायका लागि निर्ब्याजी ऋणः सीप सिकेका विद्यार्थीलाई पेसा वा व्यवसायमा लाग्नका लागि निश्चित परिमाणको रकम र समयावधि तोकेर निर्ब्याजी ऋण उपलब्ध गराउने कार्य गाउँपालिकाको आर्थिक विकास समितिमार्फत गर्ने ।

छ) सहयोगी सामग्रीः अपाङ्गता भएका सबै बालबालिकाहरूलाई हिड्डुल गर्नका लागि वा आवश्यकतानुसारको सहयोगी सामग्री निःशुल्क उपलब्ध गराइने ।

ज) छात्रावासको व्यवस्थाः घर र विद्यालयबीचको दूरी टाढा भएका, गरिब घरपरिवारका र अपाङ्गता भएका बालबालिकाहरूलाई सुविधायुक्त छात्रावासमा निःशुल्क बसाइ शिक्षाको अवसर दिने ।

**परिच्छेद ९**

## विविध

९.१ अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

क) समावेशी शिक्षा कार्यक्रमको कार्यान्वयनको समग्र अवस्थाको अनुगमन र मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ ।

ख) समावेशी शिक्षा कार्यक्रमको कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने कार्यको संयोजन सामाजिक विकास समितिले गर्नेछ ।

ग) अनुगमनको अभिलेखीकरणर सुझाव कार्यान्वयन सम्बन्धी कार्य शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ ।

घ) विद्यालय स्तरमा समावेशी शिक्षा कार्यक्रमको कार्यान्वयन प्रक्रिया अनुगमन विद्यालय व्यवस्थापन समितिले गर्नेछ भने कार्यक्रम कार्यान्वयनको नतिजाको अनुगमन तथा मूल्याङ्कन  शिक्षक अभिभावक संघले गर्नेछ ।

ङ) विद्यालय तहमा अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन कार्यान्वयन गर्ने जिम्मा प्रधानाध्यापकको हुनेछ ।